



"बहुमूल्य जडिबुटी, अर्गानिक खेती, तामाखानी, छायाँक्षेत्र, पर्यटन पूर्वाधार,
समृद्ध समुन्नत मुगुम कार्मारोङ्को आधार"

# वार्षिक गाउँ विकास योजना

आर्थिक बर्ष
२०७७/०७८




## मुगुम कार्मारोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पुलु, मुगु
कर्णाली प्रदेश, नेपाल



उद्घाटन-सत्र
पुलु, मुगु





उद्घाटन
२०७७ असार


उद्घाटन-सत्र

# मुगुम कार्मारोङ गाउँपालिकाको नक्सा



# गाउँ कार्यपालिकाका पदाधिकारीहरु



छिरिङ क्याप्ने लामा
गा.पा. अध्यक्ष



छिरिङ तामाङ
गा.पा. उपाध्यक्ष



सोनाम याङजी तामाङ
१ नं. वडाध्यक्ष




कार्मा तामाङ
२ नं. वडाध्यक्ष



लुन्डुप तामाङ
३ नं. वडाध्यक्ष




छिरिङ टासी तामाङ
४ नं. वडाध्यक्ष



छेवाङ ग्याल्जङ तामाङ
५ नं. वडाध्यक्ष




कार्मा फुन्जोक तामाङ
६ नं. वडाध्यक्ष



च्याबा लामा
७ नं. वडाध्यक्ष



धोर्पा छिरिङ तामाङ
८ नं. वडाध्यक्ष



सिंह बहादुर बुढा
९ नं. वडाध्यक्ष



जसिकला बुढा
कार्यपालिका सदस्य



झवाङ् आङ्वु तामाङ
कार्यपालिका सदस्य



गुरु छेटोल तामाङ
कार्यपालिका सदस्य



साङमु कामी
कार्यपालिका सदस्य



सेटोल कामी
कार्यपालिका सदस्य



सोनाम पुटिक तामाङ
कार्यपालिका सदस्य

मुगुम कार्मारोङ गाउँपालिका


# गाउँ कार्यपालिकाको कार्यालय

पुलु, मुगु

कर्णाली प्रदेश, नेपाल

प.स. ०७७/०७८ मिति : २०७७/४/१

च.नं.



## मन्तव्यः

मुगुम कार्मारोङ् गाउँपालिकाको छैठौं गाउँसभावाट आर्थिक वर्ष २०७७।२०७८ को बजेट निति तथा कार्यक्रमहरु निर्धारित समय सिमा भित्र सर्वसम्मतवाट पारित भएको छ । स्थानिय जनप्रतिनिधीहरुको यो एकता र सहकार्यको निरन्तरताले गाउँपालिकाको समष्टिगत विकासमा महत्वपुर्ण योगदान पुग्ने नै छ।

गाउँसभावाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरुको सुचना सवै सरोकारवाला पक्षहरुलाई उपलव्ध गराउन र योजना/कार्यक्रमहरुको कार्यान्वयनमा सबैको सहभागिता समेत सुनिश्चितता को लागि वार्षिक गाउँ विकास योजना पुस्तिका प्रकाशन गरिएको छ। गत आर्थिक वर्ष २०७६/२०७७ देखि वितीय सुशासन का लागि गाउँसभावाट पारित भएको सवै वजेट तथा कार्यक्रम सुत्र (SUTRA) मा प्रविष्ट गरिएको छ। यसवाट गाउँपालिकालाई वितीय जवाफदेहिता वहन गर्न सहज भएको छ।

गाउँवस्तीवाट छनौट भई आएका धेरै योजनाहरु हाम्रो प्राथमिकतामा हुदाँहुदै पनि वजेटको अभावले समेट्न सकेका छैनौ । सिमित वजेटले असिमित योजनाको छनौट एकैपटक गर्न असंभव भएकोले गाउँपालिकावाट स्वीकृत हुन नसकेका योजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्षको वजेट तथा संघिय सरकार, प्रदेश सरकारको समपुरक/विशेष अनुदान र अन्य गैरसरकारी क्षेत्रवाट प्राप्त हुने अनुदानमा समावेश गरिने प्रतिवद्धता सार्वजनिक गर्दछु।

अन्तमा गाउँसभावाट स्वीकृत भएका योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि कर्मचारी, वडा समिति र सरोकारवाला पक्षहरुको रचनात्मक सहयोग रहने छ भन्ने विषयप्रति विश्वस्त छु।

छिरिङ् क्याप्ने लामा

गाउँपालिका अध्यक्ष

# मुगुम कार्मारोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पुलु, मुगु

कर्णाली प्रदेश, नेपाल

प.स. ०७७/०७८ मिति: २०७७/४/१

च.नं.



## मन्तव्यः

मुगुम कार्मारोङ गाउँपालिकाको छैठौं गाउँसभावाट आर्थिक वर्ष २०७७।२०७८ को लागि पारित भएका नीति, योजना तथा कार्यक्रमहरु समावेश गरी गाउँ विकास योजना २०७७ प्रकाशन गरिएको छ। विकट भुगोल र कमजोर पुर्वाधारले दुर्गम कहलिएको यो गाउँपालिकालाई समृद्ध र सम्पन्न वनाउन जनप्रतिनिधिहरु वीच कायम भएको विश्वास, सहकार्य र सहयात्रा सबैको लागि नमुना योग्य छ। कानुनले व्यवश्था गरेको समयसीमा भित्रै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित गरेर कार्यान्वयको चरण सम्म पुऱ्याउने सबै वडाका जनप्रतिनिधि, विषयगत शाखा, लगाएत वजेट तथा कार्यक्रम तर्जुमा गर्न खटिएका सबै कर्मचारीहरुको योगदान महत्वपुर्ण रहेको छ।

गत आर्थिक वर्ष २०७६।२०७७ देखि वितीय सुशासनका लागि गाउँसभावाट पारित भएको सबै वजेट तथा कार्यकम सुत्र (SUTRA) मा प्रविष्ट गर्न सुरुवात गरिएको छ। यसवाट गाउँपालिकालाई वितीय जवाफदेहिता वहन गर्न सहज भएको छ। अब देखि वस्तुनिष्ठ ढंगले आम्दानी, खर्च तथा प्रतिवेदनको विवरण प्राप्त गर्न सकिनेछ। गाउँसभावाट पारित भएका योजना तथा कार्यक्रमहरु सहज ढंगले कार्यान्वय गर्न सबै सरोकारवाला पक्षको उत्साहजनक सहभागिता रहने नै छ। चालु आर्थिक वर्षका लागि पारित भएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन तालिका स्वीकृत गरि समय सीमा भित्रै सम्पन्न गरिने छ।

अन्तमा गाउँ विकास योजना पुस्तक प्रकाशन गर्नको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने सुचना प्रविधि अधिकृत श्री सोविन्द बहादुर मल्ल लगायत अन्य विषयगत शाखाका कर्मचारीहरु, पुस्तक छपाई गर्ने एभरेष्ट प्रिन्टर्स नेपालगन्जलाई विशेष आभार तथा धन्यवाद व्यक्त गर्दछु।

तीर्थराज शाही

प्रमुख प्रशासकीय अधिकृत